# प्रेश विज्ञप्ति

२०८३/०५/२२

गत भाद्र १० गते चिन तर्फबाट लिन्दे खोला भोटेकोशी हुँदै त्रीशुली नदीमा आएको महाप्रलयको बाढीका कारण विशेष गरि रसुवा, नुवाकोट र देशैभरी पारेको जनधनको अपूरणीय क्षतीका बारेमा हामी सवैलाई जानकारी नै छ। विशेषगरी रसुवा र उत्तरी नुवाकोट लाई सेवाक्षेत्र बनाई ईन्धन पेट्रोल, डिजेलको विक्रि वितरण गर्दै आएको विदुर-१० वेत्रावतीमा अवस्थीत उत्तरगया आयल ट्रेडर्स पूर्ण रुपमा क्षती भएको छ । उत्तरगया आयर ट्रेडर्सका संचालक शंकर प्रसाद न्यौपानेका सहोदर भाई कार्यस्थलमा नै काम गर्दा गर्दै पेट्रोल पम्प सहित रामेश्वर न्यौपानेलाई उक्त वाढीले बेपत्ता बनाएको साथै संचालक बलराम ढकालको सहोदर भाई शिव प्रसाद ढकाल, संचालक सिताराम पौडेलको सासुआमा, साढुभाई, बहिनि, साना नातीबाबु ३ जना लगायत ६ जना वेपत्ता भएका छन्। कर्मचारी महेश्वर न्यौपानेका दाजु र भाउजु सहित पम्प परिवार भित्रै १० जना वेपत्ता भएका र उहाँहरुको काजकिरिया चलिरहेको छ । यो महा विपत्ति कठिन परिस्थितीमा उहाँहरुले नै संचालन गरेको गन्तव्य पेट्रोल पम्प कालिकास्थान रसुवामा मौज्दात रहेको थोरै डीजेल र पेट्रोल महाप्रलयमा सबै कुरा राज्य नियन्त्रित हुन्छ भन्ने बुझाईका साथ १० गतेनै रसुवा प्रशासन मार्फत कालिकास्थान प्रहरी चौकीका ईन्चार्जलाई चावी जिम्मा लगाई उद्दारमा नियमीततामा महत्वपूर्ण रहयो। थाहा छ यसबाट सर्वसाधारण समस्यामा परेकै छन्। नेपाल आयल निगम कार्यकारी निर्देशक, थानकोट डिपो प्रमुख, बागमती डिलर एसोसियसन, जिल्ला प्रशासन रसुवा र नुवाकोट सडक डिभिजन नुवाकोट, पूर्वाधार विकास कार्यालय रसुवा नुवाकोट स्थानीय तहहरु र सम्पूर्णको साथ सहयोग उर्जाले सामूहीक पहलमा आयल निगम थानकोट कै टयाङकर मार्फत लोड गरी छहरे, त्रिशुली, गेर्खु ,चोगते, लच्याङ, सरमथली, पाटिखर्क, पारच्याङ, भोर्ले, ० किलो हुँदै कालिकास्थान आउनु पर्नेमा खराव बाटोले गर्दा टयाङकर आउन नसक्ने भएकाले रसुवाबाट गाडि टयाक्टरमा ड्रम लिएर पम्पहरुबाट पुन लोड गरि जान आउन ४ दिन लगाएर मिति २०८३/०५/२२ गते गन्तब्य पेट्रोल पम्प कालिकास्थानमा आईपुगेको छ । प्रहरी प्रशासन, जनप्रतिनीधि, पत्रकार सरोकारवालाहरुको र समाजको रोहवरमा भोली कालिकास्थान बाट मोटरसाईकलमा र सार्वजनिक अटोहरुमा मात्र पेट्रोलको विक्रि वितरण गरिनेछ। डिजेलको हकमा अत्याबश्यक सवारी साधनलाई मात्र निश्चित मात्रामा प्रशासनको अनुमतिले विक्रि वितरण गरिनेछ। यसका लागी सबैको सहयोगको अपेक्षा राखीएको छ र यस क्रममा सहयोग पुर्याउनु हुने नेपाल आयल निगम कार्यकारी निर्देशक, थानकोट डिपो प्रमुख तथा सम्पूर्ण सरोकारवालाहरुलाई धन्यवाद व्यक्त गर्दछौ। पम्प परिवारले आफ्नो १० जना सदस्य गुमाएर, अर्को पम्प पूर्ण क्षती भएको अवस्थामा पनि विचलित नभईकन समाजलाई संकटमा मलम लगाउन गरेको कार्यको हामी मुक्तकण्ठले प्रशंसा गर्दछौ उहाँहरुलाई यस कार्य निरन्तरता दिने थप प्रेरणा मिलोस वितरण प्रकृयालाई सहजता बनाईदिन प्रशासन र सर्वसाधारण र सरोकारवालाहरुमा हामी अनुरोध गर्दछौं ।

कालिका गा.पा.अध्यक्षः- हरिकृष्ण देवकोटा

कालिका गा.पा. प्रमुख प्रशासकिय अधिकृतः- धर्मराज न्यौपाने

वडा अध्यक्षहरुः-

१) फणिन्द्र प्रसाद न्यौपाने (कालिका-०३) २) उमेश बहादुर न्यौपाने (कालिका-०२)

रा.स्व.पा. प्रतिनिधि

नेपाली कांग्रेस प्रतिनिधि

नेकपा एमाले प्रतिनिधि

नेपाली कम्यूनिष्ट पार्टी प्रतिनिधि

ईलाका प्रहरी कार्यालय कालिकास्थान प्रतिनिधि

पत्रकारहरु

सरोकारवालाहरु

(नोटः बिक्री वितरण २०८३/०५/२३ गते बिहान ७:०० बाट सुरु हुनेछ ।)